## गाउँ शिक्षा समितिको मिति २०७७।०६।०८ का निर्णयहरु:

सानीभेरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली रुकुम (पश्चिम)

<u>निर्णय नं. १:</u> सानीभेरी गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा कार्यरत शिक्षकहरुको तपशिल बमोजिम सरुवा तथा काज व्यवस्थापन गर्ने निर्णय गरियो।

तपशिल

| सि.नं. | शिक्षकको नाम थर | कार्यरत विद्यालय | पद | सरुवा हुने विद्यालय | कै. |
|---|---|---|---|---|---|
| १. | तिला सुनुवार | कालिका आवि इजर | प्रावि राहत | जनप्रिय मावि हाँसिवाङ्ग | काज सरुवा |
| २. | रामकली घर्ती | चन्द्रोदय आवि सहरे | वालविकास सहजकर्ता | दिपज्योति आवि चौखे | काज सरुवा |
| ३. | कमला वली | कालिका आवि फुकु | विद्यालय सहायक | वालकल्याण आवि गोलडाँडा | काज सरुवा |
| ४. | महिमा बुढा | ज्ञानोदय आवि घर्तिगाउँ | प्रावि गापा अनुदान | प्रगतिशिल आवि बुकिचौर | काज सरुवा |
| ५. | राजेन्द्र बोहरा | प्रगतिशिल आवि बुकिचौर | प्रावि गापा अनुदान | ज्ञानोदय आवि घर्तिगाउँ | काज सरुवा |
| ६. | टिकाराम के.सी. | बालकल्याण आवि शिलटाकुरी | प्रावि गापा अनुदान | पृथ्वी आवि देउताखोला | काज सरुवा |
| ७. | विश्व पुन | अमरज्योति आवि सल्लिचौर | प्रावि राहत | पृथ्वी आवि देउताखओला | काज सरुवा |
| ८. | मन्जित ओली | बालकल्याण आवि पाखेरोल | प्रावि राहत | जनज्योति आवि फुकुजिउला | काज सरुवा |
| ९. | टीका गौतम | बालकल्याण आवि पाखेरोल | प्रावि राहत | कालिका आवि फुकु | काज सरुवा |
| १०. | कर्ण बहादुर ओली | जनज्योति आवि फुकुजिउला | प्रावि गापा अनुदान | बालकल्याण आवि पाखेरोल | काज सरुवा |
| ११. | सशिराम डाँगी | जनसेवा आवि घनठाना | प्रावि गापा अनुदान | सरस्वती मावि चिन्तु | काज सरुवा |
| १२. | बेलमता ओली खड्का | ज्ञानकुञ्ज आवि रानीचिउरा | प्रावि गापा अनुदान | शिव आवि काफलबोट | काज सरुवा |

नरबहादुर पुन
अध्यक्ष

भूपाल सिं विष्ट
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. २:** विद्यालय तथा प्रारम्भिक बाल विकास केन्द्रहरुले पेश गरेको विद्यार्थीको सिकाई सहजीकरण कार्ययोजना स्वीकृत गर्ने निणय गरियो।

**निर्णय नं. ३:** गाउँ शिक्षा समितिको मिति २०७७।०२।२९ को निर्णयानुसार विद्यालयहरु मर्ज गरिएकोमा देशमा कोभिड १९ को संक्रमणको कारण विद्यालयहरु सञ्चालन हुन नसकेको साथै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय द्वारा मिति २०७७।०५।१९ मा स्वीकृत शिक्षण सिकाइ सहजीकरण निर्देशिका, २०७७ बमोजिम विद्यालयमा सिकाइ सहजिकरण सञ्चालन गर्नुपर्ने भएकोले उक्त निर्णयलाई पुनर्विचार गर्दै मर्ज भएका तपशिल बमोजिमका सबै विद्यालयहरुलाई हाल शिक्षण सिकाइ सहजीकरणका लागि सञ्चालनमा ल्याउने निर्णय गरियो।

तपशिलः

| सि.नं | विद्यालयको नाम | खटाइएको शिक्षक | कै. |
|---|---|---|---|
| १. | वालकल्याण आवि सिल्टाकुरी | खड्क बहादुर पुन | यथावत |
| २. | ज्ञानोदय आवि घर्तीगाउँ | राजेन्द्र बोहरा | काज |
| ३. | वालकल्याण आवि पाखेरोल | कर्ण बहादुर ओली | काज |
| ४. | जनसेवा आवि घनठाना | सुशिला विष्ट डाँगी | यथावत |
| ५. | ज्ञानज्योति आवि टिम्मुरबोट | कमल डाँगी | यथावत |
| ६. | ज्ञानकुञ्ज आवि रानिचिउरा | विनिता खड्का ओली | यथावत |
| ७. | अमरज्योति आवि सल्लिचौर | डिलाराम बुढाथोकी | नयाँ नियुक्ति |

**निर्णय नं. ४:** २०७६ सालको आधारभूत तह (कक्षा ८) उत्तिर्ण परीक्षाका उत्तरपुस्तिकाहरु धुलाई गर्ने निर्णय गरियो।

**निर्णय नं. ५:** भेरीदोभान मावि चाइनावगरमा रहेका गाउँपालिका अनुदानका ५ वटा निम्न माध्यमिक तहका दरवन्दी वाट २ वटा रिक्त दरवन्दि कटौति गरी माध्यमिक तहमा ३ वटा (अंग्रेजी, गणित र विज्ञान विषय) गाउँपालिका अनुदानको शिक्षक दरबन्दी उपलव्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ६:** सार्वजनिक बिदाका दिनमा(दशैं र तिहारको नियमानुसारको बिदा बाहेक) पनि सिकाई सहजिकरण गरी पाठ्यक्रमले तोकेका सिकाई उपलव्धि हाँसिल गराउने उद्देश्यका साथ विद्यालय सञ्चालनको व्यवस्था मिलाउने निर्णय गरियो।

**निर्णय नं. ७:** बालहित आवि हाँसु मा आधारभूत तह(कक्षा ६-८) का १ वटा शिक्षक अनुदान थप गर्ने निर्णय गरियो ।

नरबहादुर पुन
अध्यक्ष

भूपाल सिं विष्ट
प्रमुख प्रशासकीय अधिकृत

सानीभेरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

निर्णय नं. ८: विद्यालयमा आर्थिक वर्ष २०७६।०७७ को लेखा परीक्षण गर्नको लागि लेखा परीक्षक सूचीकृत गर्न सूचना आव्हान गर्ने निर्णय गरियो।

निर्णय नं. ९: सानीभेरी गाउँपालिकाको शिक्षक तथा कर्मचारी छनौट कार्यविधि, २०७५ बमोजिम गाउँपालिका अन्तर्गतका विद्यालयमा रिक्त दरबन्दीमा शिक्षक पदपूर्ति गर्ने निर्णय गरियो।

निर्णय नं. १०: श्री शितल मावि पक्रैयामा कार्यरत शिक्षक (निवर्तमान प्रअ)श्री हंसराज खड्काले आव २०७३।०७४ देखिको विद्यालयको लेखा परीक्षण नगरेकोले सो सम्वन्धमा निवर्तमान प्रअलाई स्पष्टीकरण माग गर्ने निर्णय गरियो।

निर्णय नं. ११: श्री जनज्योति मावि मेलचौरमा माध्यमिक तह(कक्षा ११-१२) को १ वटा अनुदान उपलव्ध गराउने निर्णय गरियो।

निर्णय नं. १२: श्री सरस्वती मावि अर्माडाँडामा रिक्त माध्यमिक तह(कक्षा ९-१०)मा रिक्त २ वटा राहत अनुदान कोटामा विज्ञान र सामाजिक विषयको शिक्षक पदपूर्तिको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. १३: कक्षा ११ सञ्चालन भइरहेका तपशिल बमोजिमका विद्यालयहरुलाई कक्षा १२ सञ्चालनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

तपशीलः

(क) श्री सुर्योदय मावि सानीभेरी गाउँपालिका-३, बेलटापु
(ख) श्री जनज्योति मावि गाउँपालिका-३, मेलचौर

निर्णय नं. १४: शिक्षा नियमावली अनुसारको म्याद समाप्त भएका विद्यालय व्यवस्थापन समितिको नयाँ गठन कोभिड १९ को कारण अभिभावक भेला सम्पन्न हुन नसकी गठन हुन नसकेकोले अर्को व्यवस्था नभएसम्मका लागि उक्त समितिलाई नै नियमानुसारको कामकाज गर्ने व्यवस्था मिलाउनको लागि विद्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

नरबहादुर पुन
अध्यक्ष

भूपाल सिं विष्ट
नि.प्रमुख प्रशासकीय अधिकृत